नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.............................................शाखा)


पत्र संख्या :- ०७९/८०
चलानी नं. :- १३८

सानोठिमी, भक्तपुर

मिति २०८०।०२।१२

विषयः पूर्व सावधानी र उच्च सतर्कता सम्बन्धमा ।

श्री शिक्षा सम्बद्ध मन्त्रालय, ७ वटै प्रदेश
श्री स्थानिय तह, ७५३ वटै
श्री शिक्षा विकास तथा समन्वय ईकाई, ७७ वटै

नेपालमा विगत बर्षहरुमा जस्तै यस बर्ष पनि वि.स. २०८० जेठ १८ देखि असोज १४ गते सम्म वर्षायाम (monsoon) को समय रहनुका साथै यस बर्ष कोशी प्रदेशको मध्य र उत्तरी भू-भाग, बागमती प्रदेशको दक्षिण पूर्वी भू-भाग र मधेस प्रदेशका अधिकांश भू-भागमा सामान्य वर्षा र मुलुकका अन्य स्थानमा औषत भन्दा कम वर्षा हुन सक्ने जल तथा मौसम विज्ञान विभागले पुर्व अनुमान गरेको विषय हामी सबैमा अवगतै छ, तथापी औषत भन्दा कम वर्षा भएपनि कुनै समयमा लगातार बर्षा भई ठुलै क्षति हुने अबस्था समेत आउन सक्छ । यस वर्ष विशेषतः तराइ क्षेत्रहरूमा गर्मी बढ्ने, डेंगु (Dengue), औंलो (malaria) जस्ता लामखुट्टेबाट सर्ने रोगको जोखिम बढ्ने र मौसमी फ्लू, झाडापखाला, हैजा, टाइफाइड जस्ता पानीजन्य रोगहरुको संक्रमण बढ्न सक्ने अनुमान गरिएको छ । त्यसैले विद्यालय परिसर सफा राख्नुका साथै लामखुट्टेले संक्रमण फैलाउने बातावरण बन्न नदिन र लामखुट्टेको वृद्धि तथा विस्तार रोक्नु पर्ने आवस्यकता रहेको छ । साथै अत्याधिक गर्मीका कारण विद्यार्थीहरूलाई कक्षा कोठा भित्र बस्न गाहो हुने र शिक्षण सिकाइमा बाधा पुग्न सक्ने हुनाले अनुकूल वातावरणमा सिकाई निरन्तरताका लागी उचित स्रोतसाधनको प्रबन्ध मिलाउनु हुन अनुरोध छ ।

बिगत बर्षहरुमा बे-मौसमी समयमा हुने अत्याधिक बर्षाका कारण विद्यालयहरुमा विभिन्न खालका मानवीय एवम् भौतिक क्षति भएको अवस्थालाई मध्यनजर गर्दै यस बर्ष पनि पर्न सक्ने बर्षाका कारण बाढी, पहिरो र डुवान जस्ता जोखिम रहन सक्ने हुँदा खोला-नाला, ताल-तलौया, नदी, पोखरी नजिक रहेका वा गहिरो प्रकृतिको जमिन/खोंचमा अवस्थित विद्यालयहरुमा पानीको सतह बढेर अफिस तथा कक्षाकोठा भित्रका कार्पेट, पुस्तक, पत्र-पत्रिका, स्टेसनरी लगायतका शैक्षिक सामग्रीहरुमा क्षति हुनुका साथै कक्षाकोठा, भवन, खेलमैदान, घेरावार, शौचालय, खानेपानी लगायतका भौतिक संरचनामा क्षति पुग्न सक्ने संभावना रहेकाले यस प्रकृतिको जोखिम कायम रहेका तहाँ प्रदेश/स्थानिय तह/जिल्ला मातहतका सबै सममुदायिक तथा संस्थागत विद्यालयहरुमा पूर्व सावधानी र उच्च सतर्कता अपनाउन साथै कुनै कारणबश क्षति हुन पुगेमा सोको विवरण यथाशिघ्र यस केन्द्रमा पठाउने आवश्यक व्यवस्थाका लागि यस केन्द्रको मिति २०८०।०२।१२ को निर्णय अनुसार अनुरोध छ ।

२०८०/२/१२

प्रकाश कुमार खरेल
शाखा अधिकृत

बोधार्थ एवम् कार्यार्थः
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै



Scanned with OKEN Scanner